जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३०६ • २०८३ भदौ ९ गते मंगलवार • 25 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# बालविवाह अन्त्यका लागि प्रदेशस्तरीय अभिमुखीकरण सम्पन्न



दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, ८ भदौ

बालविवाह अन्त्य, बालअधिकार संरक्षण तथा बालबालिकामैत्री नीति र बजेटको प्रभावकारी कार्यान्वयनलाई केन्द्रमा राख्दै मधेश प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम जनकपुरधामको होटेल वेलकममा सम्पन्न भएको छ ।

महिला, बालबालिका, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार काठमाडौंको आयोजनामा तथा मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयको समन्वयमा कार्यक्रम आयोजना गरिएको हो । सबल नेपाल र सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा सम्पन्न कार्यक्रममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२, बालबालिका उत्तरदायी बजेट सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ र राष्ट्रिय बालबालिका नीति २०८० को कार्यान्वयनका विषयमा अभिमुखीकरण गरिएको थियो । खेलकुद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशील कुमार साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नीति तथा योजना आयोगका नवल किशोर यादव प्रमुख अतिथि तथा महिला, बालबालिका, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षा मन्त्रालयको बाल संरक्षण शाखाका प्रमुख निर्मल कुमार राय विशिष्ट अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रममा मन्त्रालयका सचिवालय सदस्य निरज चौधरी, सेभ द चिल्ड्रेनका मकर बहादुर सार्की, झम्केश्वर ओझा, सबल नेपालका अध्यक्ष जुना गिरी तथा परियोजना संयोजक नीर बहादुर आलेलगायतको उपस्थिति थियो । कार्यक्रमको सहजीकरण सबल नेपालका फिल्ड म्यानेजर अशोक कुमार साहले गरेका थिए । कार्यक्रममा आफ्नो अध्यक्षीय मनतव्य राख्नु हुदैं सुशील कुमार साहले बालविवाह अन्त्यका लागि नीति, रणनीति र कार्ययोजना निर्माणसँगै त्यसको व्यवहारिक कार्यान्वयनलाई प्राथमिकता दिनुपर्ने बताए । बालबालिकाको अधिकार सुनिश्चित गर्न राज्यका निकायसँगै परिवार, समुदाय, विद्यालय र स्थानीय तहको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै उनले उपलब्ध नीति तथा कानुनी व्यवस्थालाई परिणाममुखी बनाउन समन्वय र सहकार्य आवश्यक रहेको धारणा राखे । उनले बालबालिकासम्बन्धी कार्यक्रम तथा बजेट निर्माण गर्दा उनीहरूको आवश्यकता र अधिकारलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिँदै बालविवाहजस्ता सामाजिक कुरीतिको अन्त्यका लागि सरकारी प्रयाससँगै सामाजिक चेतना र सकारात्मक व्यवहार परिवर्तनलाई पनि अघि बढाउनुपर्ने बताए ।

अभिमुखीकरणका क्रममा राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजनाले तय गरेका प्राथमिकता, बालबालिका उत्तरदायी बजेटको अवधारणा तथा राष्ट्रिय बालबालिका नीति २०८० का प्रावधानलाई प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा केन्द्रित रहेर छलफल गरिएको थियो । कार्यक्रममा बालबालिकाको संरक्षण, सहभागिता र अधिकार सुनिश्चित गर्ने संयन्त्रलाई थप सुदृढ बनाउने तथा बालविवाह न्यूनीकरणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्यलाई परिणाममुखी बनाउने आवश्यकतामाथि समेत जोड दिइएको थियो । मधेश प्रदेशमा बालविवाहको अन्त्य तथा बालबालिकाको अधिकार संरक्षणका लागि नीति र कार्यक्रमलाई व्यवहारमै रूपान्तरण गर्न अभिमुखीकरणले सम्बन्धित सरोकारवालाबीच साझा बुझाइ निर्माण गर्न सहयोग पुग्ने विश्वास आयोजक द्वारा व्यक्त गरिएको छ ।

# नेपाल प्रहरीलाई १२ वटा पिकअप जिप हस्तान्तरण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ८ भदौ



मधेश प्रदेश सरकारले प्रदेशको शान्तिसुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले नेपाल प्रहरीलाई १२ वटा पिकअप जिप हस्तान्तरण गरेको छ ।

प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले खरिद गरेका ती सवारीसाधन सोमबार गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले नेपाल प्रहरीलाई हस्तान्तरण गरेका हुन् । प्रहरीका अनुसार आठवटै जिल्ला प्रहरी कार्यालय र चारवटा इलाका प्रहरी कार्यालयलाई लक्षित गरी सवारीसाधन उपलब्ध गराइएको हो ।

चन्द्रपुर, गरुडा, गोडैता र गडहिया इलाका प्रहरी कार्यालयलाई पनि एक-एक वटा पिकअप जिप प्रदान गरिएको छ । सवारीसाधन हस्तान्तरण गर्दै मन्त्री महतोले प्रहरीको परिचालन क्षमता बढाउँदै प्रदेशमा शान्तिसुरक्षा र अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन सहयोग पुग्ने बताए ।




## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डङ्गा, लाईफ ज्याकेट, डोरी बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- वर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा संचार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
www.jaleshwortoday.com
Jaleshwor Today National Daily
एक कदम अगाडि




# शहरको सुविधाबाट ज्येष्ठ नागरिक बञ्चित

शहरमा सुविधाका कुरा त धेरै रहेको देखिन्छ, तर ती सुविधा भोग गर्न सक्ने क्षमता हाम्रा ज्येष्ठ नागरिकसँग नरहेको देखिन्छ। उनीहरूको शारीरिक क्षमता परीक्षण गर्दा धेरै जसो सहाराबिना कुर्सीबाट उठ्न नसक्ने, सिँढी चढ्दा अत्यधिक थाक्ने र बारम्बार लड्ने जोखिममा रहेको देखिन्छ। छोराबुहारी वा छोरीज्वाइँ विदेशमा हुन्छन्। उनीहरूले पैसा पठाइदिन्छ। टाढा बसेर माया पनि गर्छन् तर ढलानको छतमुनि थुनिएका ती पाका व्यक्तिलाई पैसाभन्दा बढी साथ चाहिएका छन। सहानुभूति होइन, प्रत्यक्ष सहयोग र निगरानी चाहिएका छन। यो नपाउँदा शारीरिक कष्टभन्दा पनि ठुलो 'मनले गरेको एक्लोपनाको महसुस' मन्द विष बनेर जीवन सिध्याइरहेका छन। करिब ८० प्रतिशत ज्येष्ठ नागरिक परिवारसँगै भए पनि एक्लो महसुस गरिरहेको छ। परिवारका सदस्य आफ्नै जीविकोपार्जन र करिअरको दौडमा हुँदा घरमा रहेका बाआमा 'नजानिँदो जेल' मा थुनिनु परेका छन।

अर्कोतिर मध्यम पुस्ता (छोरा, छोरी, बुहारी) पनि उत्तिकै तनावमा रहेको देखिन्छ। उहाँहरूलाई एकातिर कमाउनैपर्ने र सन्तानको भविष्य सुनिश्चित गर्नुपर्ने दबाब छ भने अर्कातिर घरमा रहेका बिरामी बाआमालाई एक्लै छोड्न नसकिने अवस्था रहेको देखिन्छ। हेरचाह गर्ने उचित सिप नहुँदा र समय व्यवस्थापन गर्न नसक्दा परिवारभित्रै पनि मानसिक द्वन्द्व र तनाव बढ्दै गएको देखिन्छ। अझ परदेशमा हुने छोरा, छोरी र बुहारीको कथा अझै चर्को रहेका छन।

# एकडारामा युवा नेतृत्वमा विद्यालय दिवा खाजा सम्मेलन सम्पन्न

**मो. इर्शाद**
**जनकपुरधाम, ८ भदौ**

एकडारा गाउँपालिकामा विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउने उद्देश्यले युवा नेतृत्वमा विद्यालय दिवा खाजा सम्मेलन सम्पन्न भएको छ।

IRDS, बर्दिबास र वर्ल्ड भिजन इन्टरनेसनल नेपाल को सहयोग तथा एकडारा गाउँपालिकाको समन्वयमा गाउँपालिकाका युवा नेतृत्वमार्फत सञ्चालित चार दिने तालिमको अन्तिम दिन सोमबार (२०८३ जेठ ८ गते) एकडारा गाउँपालिका-१ स्थित श्री माध्यमिक विद्यालय, एकडाराबेलामा उक्त सम्मेलन आयोजना गरिएको हो। सम्मेलनमा



विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा रैथाने खानेकुराको प्रवर्द्धन गर्दै सम्भव भएसम्म स्थानीय उत्पादनको प्रयोग गर्नुपर्नेमा विशेष जोड दिइएको थियो। स्थानीयस्तरमा उत्पादन हुने पोषणयुक्त खाद्यवस्तुको प्रयोगले बालबालिकाको स्वास्थ्य तथा शारीरिक र मानसिक विकासमा सकारात्मक प्रभाव पार्ने सहभागीहरूले बताएका थिए। कार्यक्रममा विद्यालय दिवा खाजा कार्यक्रमलाई सफल पार्न शिक्षक, विद्यार्थी र अभिभावकको समान रूपमा महत्वपूर्ण भूमिका रहने विषयमा समेत गहन छलफल भएको थियो। दिवा खाजालाई केवल खाना वितरणमा मात्र सीमित नराखी यसलाई स्थानीय उत्पादन, पोषण, स्वास्थ्य र समुदायको सहभागितासँग जोडेर अघि बढाउनुपर्नेमा सहभागीहरूको एकमत थियो। सो अवसरमा रूपान्तरण समूहका युवाहरूले दिवा खाजासम्बन्धी विभिन्न जनचेतनामूलक सामग्री तथा स्थानीय रैथाने खाद्य परिकारको प्रदर्शनीसमेत गरेका थिए। प्रदर्शनीमार्फत स्थानीय खाद्यवस्तुको पोषणतत्व, महत्त्व र विद्यालय तहमा त्यसको प्रयोग गर्ने तरिकाबारे जानकारी गराइएको थियो। श्री माध्यमिक विद्यालय एकडाराबेलामा आयोजित उक्त सम्मेलनमा एकडारा गाउँपालिका-१ का वडाध्यक्ष मनोज कुमार मण्डल, स्वास्थ्य शाखा संयोजक महेन्द्र कुमार मण्डल,वर्ल्ड भिजन इन्टरनेसनल नेपाल महोत्तरीका जिल्ला संयोजक दिलीप कुमार यादव,शिक्षा शाखा प्रमुख,विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिका, IRDS का प्रतिनिधिहरु, सञ्चारकर्मी, विद्यार्थि तथा अभिभावकहरूको सक्रिय सहभागिता रहेको थियो।

# ३६औं स्थापना दिवसको अवसरमा विभिन्न सामाजिक तथा सेवामूलक कार्यक्रम आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ भदौ**

जनकपुरधामस्थित श्री राम युवा कमिटीले आफ्नो ३६औं स्थापना दिवसको अवसरमा विभिन्न सामाजिक तथा सेवामूलक कार्यक्रम आयोजना गर्ने भएको छ। स्थापना दिवसलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै कमिटीले सरसफाइ, वृक्षारोपण, दीप प्रज्वलन, मानव सेवा आश्रममा निःशुल्क भोजन तथा रक्तदान कार्यक्रम सञ्चालन गर्न लागेको हो। कमिटीका महासचिव सुभाष चन्द्र शाहका अनुसार भदौ ११ गते बिहान ७:३० बजे समिति परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम गरिनेछ।

सोही दिन साँझ स्थापना दिवसको अवसरमा दीप प्रज्वलन कार्यक्रम आयोजना गरिनेछ। त्यसैगरी, भदौ १२ गते शुक्रबार साँझ ६ बजे मानव सेवा आश्रममा आश्रित व्यक्तिहरूका लागि निःशुल्क भोजनको व्यवस्था गरिएको कमिटीले जनाएको छ। स्थापना दिवसकै अवसरमा भदौ १३ गते शनिबार बिहान ७:३० बजेदेखि जनकचोकमा रक्तदान कार्यक्रम आयोजना गरिनेछ। रक्तदानमार्फत सामाजिक सेवामा योगदान पुऱ्याउने उद्देश्यले



कार्यक्रम गर्न लागिएको महासचिव शाहको भनाइ छ। कमिटीले स्थापना दिवसका सबै कार्यक्रममा संस्थापक अध्यक्ष, पूर्वअध्यक्ष, पूर्ववरिष्ठ निर्देशक, पूर्वनिर्देशक, पूर्व तथा वर्तमान पदाधिकारी, कार्यसमिति सदस्य तथा सम्पूर्ण सदस्यलाई सक्रिय सहभागिताका लागि आग्रह गरेको छ। कमिटीले स्थापना दिवसलाई उत्सवका रूपमा मात्र नभई सामाजिक सेवा र मानवीय सहयोगका गतिविधि मार्फत मनाउने तयारी गरेको जनाएको छ।





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: मनमा पछुतो आउने
कर्कट: लामो यात्राको योग छ
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: आम्दानी हुने
धनु: मित्रतामा फाटो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# दाइजोको निहुँमा नवविवाहित युवतीको मृत्यु ! चार जनाविरुद्ध जाहेरी, तीन जना पक्राउ






**दिपु कापर**
**महोत्तरी, ८ भदौ**

विवाह भएको दुई महिना पनि नपुग्दै महोत्तरीमा एक नवविवाहित युवतीको रहस्यमय मृत्यु भएको छ। मृतकका माइती पक्षले दाइजोमा मोटरसाइकल र सुन नदिएको भन्दै ससुराली पक्षले शारीरिक तथा मानसिक यातना दिएर हत्या गरेको गम्भीर आरोप लगाएका छन्।

भारतको सुरसण्ड निवासी शिवानी राउतको महोत्तरीको पिपरा गाउँपालिका-५ सहोडबा स्थित ससुरालीमा मृत्यु भएको हो। मृतककी आमा रुवी देवीले छोरीलाई विवाहपछि पटक-पटक थप दाइजो, मोटरसाइकल तथा सुन माग्दै यातना दिने गरिएको आरोप लगाएकी छन्। रुवी देवीका अनुसार, जलेश्वर नगरपालिका-८ रमौलस्थित माइतीतर्फको मामाघरमा आयोजित मुण्डन कार्यक्रममा सहभागी हुन आएकी छोरीलाई भेट्न आफू ससुराली पुगेकी थिइन्।

भेटका क्रममा शिवानीले आफूलाई श्रीमान्, सासू तथा देवरहरूले दाइजो र मोटरसाइकलको विषयलाई लिएर शारीरिक तथा मानसिक यातना दिने गरेको बताएकी थिइन्। आमाका अनुसार, आफू दिउँसो करिब २ बजे छोरीलाई भेटेर फर्किएको करिब चार घण्टापछि साँझ छोरीको मृत्यु भएको खबर आएको थियो। मृतकका परिवारले अस्पतालमा शव हेर्दा घाँटीमा निलडाम देखिएको भन्दै घटना आत्महत्या नभई हत्या भएको आशंका व्यक्त गरेका छन्। यद्यपि, घटनाको वास्तविक कारण भने प्रहरी अनुसन्धान र पोस्टमार्टम रिपोर्टबाट खुल्नेछ। मृतककी आमाले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा शिवानीका पति सजन राउत, देवरहरू प्रेम राउत र निराजन राउत तथा सासू नूतन देवीविरुद्ध जाहेरी दिएको बताएकी छन्। जाहेरीमा शिवानीको विवाह २०८३ साल असार १६ गते सजन राउतसँग भएको उल्लेख छ। विवाहमा आफ्नो क्षमताअनुसार दाइजो तथा आवश्यक सामग्री दिएको भए पनि विवाहपछि थप सुन र मोटरसाइकल माग गर्दै छोरीलाई निरन्तर मानसिक तथा शारीरिक यातना दिने गरिएको आरोप लगाइएको छ। मृतकका मामा पर्ने जलेश्वर नगरपालिका-८ रमौलका दिपु कुमार कापरका अनुसार शिवानीले मृत्यु हुनुअघि आफूलाई ससुराली पक्षले मोटरसाइकल ल्याउन दबाब दिने, कुटपिट गर्ने तथा घाँटी दबाउने गरेको बताएकी थिइन्। कापरले दाइजोको कारण नै शिवानीको मृत्यु भएको दाबी गरेका छन्। ससुराली पक्षले भने शिवानीले झुण्डिएर आत्महत्या गरेको बताएको परिवारको भनाइ छ। घटनाको सत्यतथ्य पत्ता लगाउन शव पोस्टमार्टमका लागि पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता पञ्चलाल गोलेले जाहेरी प्राप्त भएको र घटनाबारे आवश्यक अनुसन्धान भइरहेको बताएका छन्। प्रहरीले अनुसन्धानका क्रममा पति, सासूसहित तीन जनालाई नियन्त्रणमा लिएको जनाएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेकाले शिवानीको मृत्यु हत्या हो वा आत्महत्या, साथै दाइजोको विषयमा लगाइएको आरोप कति सत्य हो भन्ने कुरा अनुसन्धान तथा पोस्टमार्टम रिपोर्टपछि स्पष्ट हुने अपेक्षा गरिएको छ।

# बक्स अफिसमा कमजोर फिल्म 'हली' र 'कमाल मिस'






**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ भदौ**

नेपाली बक्स अफिसमा फिल्म 'हली' र 'कमला मिस' एकदमै कमजोर साबित भएको छ। २२ साउनबाट एकसाथ प्रदर्शनमा आएका यी दुवै मध्य कुनै पनि फिल्मले बक्स अफिसमा २५ लाखको व्यवसाय गर्न समेत असफल भएको छ। चलचित्र विकास बोर्डले आइतबार राती दश बजेसम्मको व्यवसायलाई लिएर सोमबार सार्वजनिक गरेको बक्स अफिस रिपोट अनुसार फिल्म 'हली' को २ सातामा २२ लाख ९६ हजार ९ सय २० ग्रस कमाई गर्न सफल भएको छ। यो अवधिमा फिल्मको टिकट ८ हजार ३८५ वटा बिकेको छ। छाउपडी प्रथा र हली प्रथाविरुद्ध सशक्त आवाज उठाएको फिल्म 'हली' निर्देशक ओम प्रतिकले लेखेका हुन्। ओम प्रतिक, सरोज खनाल, प्रमोद दीप, अरुणा कार्की, अर्जुन गुरुङ, विद्या कार्की, नवीन श्रेष्ठ, कञ्चन दुलाल, कमल गाउँले, विशाल पहाडी लगायतको अभिनय फिल्ममा छ।

त्यस्तै, 'कमला मिस' को 'हली' को भन्दा पनि झन् नाजुक रहेको छ। फिल्मले बक्स अफिसमा २ सातामा ८ लाख ६८ हजार ४५० ग्रस कलेक्सन गर्न सफल भएको छ। यो अवधिमा फिल्मलाई २ हजार ६९६ जनाले हेरेको छन्। साहित्यकार तथा नाटककार विजय मल्लको चर्चित नाटक 'कोही किन बर्बाद होस्'बाट प्रेरित भएर निर्माण भएको फिल्म निर शाहले गरेका हुन्। फिल्ममा निर शाह, रमेश बुढाथोकी, वासना तिमिल्सिना, शिवं सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, कृष्ण मुरारी ढुङ्गेल, सुशान्त कुमार श्रेष्ठ, जयन्त रेग्मी, सुरेश थापा, राजन केसी र सञ्जय खतिवडा लगायत कलाकारहरूको अभिनय छ।





अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
गौशाला नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# दलविहीन स्थानीय तह किन र कसरी ?



-रास्वपाले अघि सारेको गैरदलीय स्थानीय सरकारको अवधारणाले स्थानीय तहमा बढेको दलीयकरण, पक्षपात, गुटबन्दी र भ्रष्टाचार न्यूनीकरण गर्दै स्थानीय मुद्दा तथा योग्य उम्मेदवारलाई प्राथमिकता दिने अपेक्षा गरिएको छ । अमेरिका, भारत र बंगलादेशसहित विभिन्न मुलुकको अभ्यासले गैरदलीय स्थानीय निर्वाचन सम्भव र प्रभावकारी हुन सक्ने देखाए पनि यसको स्वरूप देशअनुसार फरक रहेको छ ।

नेपालमा संविधान बाधक नरहेको र स्थानीय तह निर्वाचन ऐन संशोधनमार्फत महिला, दलित तथा अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गर्दै दलविहीन निर्वाचन लागू गर्न सकिने लेखको निष्कर्ष छ । रास्वपाले चुनावअघि वाचापत्र मार्फत 'गैरदलीय स्थानीय सरकार' को मुद्दा अघि सारेको थियो । गत असारमा सम्पन्न प्रथम महाधिवेशनमा उपसभापतिद्वारा प्रस्तुत 'अर्थराजनीतिक प्रस्तावना' मा पनि 'दलविहीन स्थानीय तह' को विषय उल्लेख गरियो । त्यससँगै यो विषय झन् सतहमा आएको छ । २०४६ मा बहुदलीय प्रजातन्त्रको पुनर्बहालपछि स्थानीय निर्वाचनमा दलीय आधारमा प्रतिस्पर्धा हुँदै आएको छ । उम्मेदवारले आफ्नो दलको चुनाव चिह्न प्रयोग गर्छन् । यद्यपि, स्वतन्त्र उम्मेदवारी पनि दिने गरिएको छ । दलीय पहिचान हटाएर स्वतन्त्र उम्मेवारीमार्फत प्रतिस्पर्धा गरिने चुनावी पद्धति नै गैरदलीय हो । निर्वाचनमा दलको प्रतिनिधित्व नहुने हुँदा यसले स्थानीय तहलाई दलविहीन बनाउँछ । स्वाभाविक रूपमा पुराना दलसँग सम्बन्धित नेता, कार्यकर्ता र यसका लाभग्राही समूहले यसको कडा विरोध गरेको देखिएको छ । हरेक तह र तप्कामा दलीयकरण देख्न नचाहने समूहले यसको स्वागत गरेको देखिन्छ ।

विरोध गर्ने पक्षले यसलाई लोकतन्त्रमाथिको प्रहार भनेका छन् । उनीहरूले संविधानको भावनाविपरीत लोकतान्त्रिक बहुदलीय व्यवस्थाको बर्खिलाप हुने, निर्दलीयता वा पञ्चायतको सुरुआत गर्न लागेको र गम्भीर संकट निम्त्याउन सक्ने जस्ता आक्षेप पनि लगाएका छन् । यस आलेखमा 'गैरदलीय स्थानीय तह' (संख्याभन्दा पनि) नेपालका लागि उचित होला वा नहोला ? कार्यान्वयन गर्न सम्भव छ वा छैन ? छ भने कसरी ? वर्तमान संवैधानिक संरचनाभित्रै रहेर सम्भव छ वा संशोधन गर्नुपर्ने हो ? भन्ने जस्ता विभिन्न कोणबाट चर्चा गरिएको छ । यसक्रममा अमेरिकाका एक गैरदलीय स्थानीय निकायका निर्वाचित प्रतिनिधि, सहलेखक एनआरएनका कार्यानुभव र दृष्टिकोण समेटिएको छ । दलविहीन स्थानीय तह किन ? बहुदलीय प्रजातन्त्रको पुनर्बहालपछि कार्यान्वयन गरिएको स्थानीय निकायदेखि अहिलेको संघीयताको एक स्तम्भका रूपमा रहेका स्थानीय तहसम्म आइपुग्दा तीन दशक बितिसकेको छ ।

यस अवधिमा मुलुक हरेक क्षेत्र चरम राजनीतीकरण र दलीयकरणको चपेटामा पऱ्यो । स्थानीय चुनाव दलीय आधारमा हुँदा आफ्नो दललाई भोट दिए वा नदिएका आधारमा पूर्वाग्रही हुने, पक्षपात गर्ने काम भए । त्यस्तै, स्थानीय मुद्दाभन्दा दलीय स्वार्थलाई प्राथमिकतामा राख्ने, उम्मेदवारको योग्यता र क्षमताभन्दा दलीय आबद्धताले प्रश्रय पाउने गऱ्यो । उम्मेदवारीमै आर्थिक चलखेल हुने, दल-दलबीच गठबन्धन, लेनदेन र भागबन्डा हुने, फरक दलका पदाधिकारी भए निर्णय नै नहुने वा ढिलो हुने, असन्तुष्ट पक्षले दलभित्रैबाट अन्तर्घात गर्ने, कार्यक्षमताको अभाव हुँदा वा भ्रष्टाचार र अनियमितता गर्दा दलले संरक्षण दिने, दलीय स्वार्थबाट प्रेरित भई माथिबाट बजेट विनियोजन हुने जस्ता निकृष्ट अभ्यासहरू गरियो । स्थानीय चुनाव दलीय आधारमा हुँदा आफ्नो दललाई भोट दिए वा नदिएका आधारमा पूर्वाग्रही हुने, पक्षपात गर्ने काम भए । त्यस्तै, स्थानीय मुद्दाभन्दा दलीय स्वार्थलाई प्राथमिकतामा राख्ने, उम्मेदवारको योग्यता र क्षमताभन्दा दलीय आबद्धताले प्रश्रय पाउने गऱ्यो ।


फलस्वरूप स्वतन्त्र नागरिकमा चरम निराशा र राजनीतिक दलप्रति नै वितृष्णा जाग्ने अवस्था आयो । त्यसैले जेन-जी आन्दोलनको एउटा कारक यसलाई पनि मानिएको छ । राजनीतिक दलका गलत अभ्यासले निम्त्याएको यस्ता विकृतिलाई न्यूनीकरण गर्ने उद्देश्यले रास्वपाले 'गैरदलीय स्थानीय सरकार' को अवधारणा अघि सारेको बुझिन्छ । यसमा पुराना दलहरूको आफ्नै सरोकार छ । पुराना दलहरूलाई स्थानीय तहको निर्वाचन गैरदलीय हुँदा स्थानीय तहबाट आफ्नो अस्तित्व र पकड समाप्त हुन सक्ने र परिणमस्वरूप राष्ट्रिय राजनीतिमै असर पुग्ने भय छ ।

अर्को असर पनि छ । स्थानीय तहको निर्वाचनपछि गाउँ/नगरपालिकाका, कार्यपालिकाका लागि थप सदस्य तथा जिल्ला समन्वय समितिको निर्वाचनमा स्थानीय रूपमा निर्वाचित प्रतिनिधिहरू स्वयं मतदाता हुन्छन् । विशेषतः राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष मतदाता हुन्छन् । यसर्थ, ती पदहरू गैरदलीय हुनासाथ राष्ट्रिय सभाको निर्वाचन परिणाममा पनि असर पर्न सक्छ । स्थानीय तहका प्रतिनिधि आफ्नो दलको भएमा राष्ट्रिय सभा र जिल्ला समन्वय समिति लगायतका निर्वाचनमा पाउने मत अझ सुनिश्चित हुन्छ । त्यतिबेला ती संस्थामा आफ्नो दलको हालीमुहाली स्थापित गर्न सहज हुन्छ । त्यसैले पनि पुराना राजनीतिक दलले स्थानीय तहको निर्वाचन गैरदलीय बनाउने मुद्दाको विरोध गर्ने गरेका छन् । अमेरिकी प्रणाली एक अनुभवः यस आलेखको सहलेखक म (किरण सिटौला) गत ३२ वर्षदेखि अमेरिकामा बसोबास गरिरहेको छु । एघार वर्षदेखि म्यारिल्यान्ड राज्यको टाउन अफ इन्डियन हेडको उपमेयरमा तेस्रो पटक ( चार वर्षका लागि) निर्वाचित भई काम गर्दै आएको छु । तथापि, मेरो पूर्णकालीन नोकरी भने संघीय सरकारको आन्तरिक राजस्व सेवामा वरिष्ठ व्यवस्थापकका रूपमा रहेको छ । स्थानीय निकायमा निर्वाचित भएका कारण मूल नोकरी भएको कार्यालयबाट निश्चित समयका लागि व्यक्तिगत बिदा लिएर वा कार्यालय समयबाहिर बिहान, बेलुका वा सप्ताहन्तमा आफ्नो निर्वाचित क्षेत्रमा काम गर्ने गर्छु । हाम्रो टाउनको जनसंख्या करिब ४,५०० छ र हामी तीन जना निर्वाचित प्रतिनिधि छौं । हामीले आफ्नो क्षेत्रको हित र विकासको सम्बन्धमा जनचाहनाअनुरूप नीति निर्माण तहका कार्यक्रमहरू बनाउने, आफ्नो क्षेत्रमा आवश्यक कार्यक्रमको पहिचान गर्ने, बजेट विनियोजनको निर्णय गर्ने, कार्यक्रम पारित गर्ने र अन्य आवश्यक निर्णयहरू लिने गर्छौं । तर यसको कार्यान्वयनचाहिँ हाम्रो निर्देशन र सुपरिवेक्षणमा हामीद्वारा नियुक्त एक पेसेवर व्यवस्थापकको नेतृत्वमा कर्मचारीतन्त्रले गर्ने गर्छ । उनीहरूले कार्यान्वयन गर्ने र हामीले सुपरिवेक्षण गर्ने गर्दा भ्रष्टाचारको गुञ्जायस पनि नरहने हुन्छ । अमेरिकाका धेरैजसो साना टाउनहरू, जहाँ जनसंख्या केही हजारमा सीमित छन् र भौगोलिक क्षेत्र सानो छ, त्यहाँ प्रायः गैरदलीय निर्वाचन हुन्छ । हाम्रो यस क्षेत्रमा स्वतन्त्र रूपमा मात्रै निर्वाचन लड्न पाइन्छ । सबैभन्दा धेरै भोट पाउने व्यक्ति मेयर बन्छ, दोस्रो धेरै भोट पाउने उपमेयर बन्छ र तेस्रो काउन्सिल म्यान बन्छ । यो दलगत रूपमा भएको भए अझै राम्रो हुने थियो भन्ने गुनासो अहिलेसम्म सुनेको छैन ।

यहाँ कुनै राजनीतिक दलको प्रतिनिधित्व नहुने हुँदा दलको आदेश कुर्नु पर्दैन । दलको सिद्धान्तविरुद्ध होला कि भन्ने चिन्ता पनि लिनु पर्दैन । जवाफदेहिता पूर्णरूपमा जनताप्रति हुन्छ । यसै कारणले पनि मेरो मूल पेसा र निर्वाचित जनप्रतिनिधिको पदबीच कुनै पूर्वाग्रह रहँदैन र दुवैलाई सन्तुलनमा राख्दै प्रभावकारी रूपमा काम गर्न सकिएको छ । सरकारी जागिर हुँदाहुँदै पनि म स्थानीय सरकारको चुनावमा चुनिएर र स्वतन्त्र स्वयंसेवकका रूपमा मेरा निर्वाचन क्षेत्रका आवश्यकता पूरा गर्न सक्छु । आफू निर्वाचित क्षेत्रका मतदाताले गैरदलीय निर्वाचन पद्धतिलाई सकारात्मक रूपमा स्वीकारेका छन्, किनभने हाम्रो मुख्य प्राथमिकता हाम्रा आवश्यकता हुन् र हामी राज्य र संघीय सरकारभन्दा राम्रो काम गर्छौं । 'राजनीति पेसा हुनु हुँदैन' भन्ने मान्यताका आधारमा प्रायः स्थानीय जनप्रतिनिधिलाई आफ्नो मूल पेसालाई निरन्तरता दिने र समाज सेवामा उत्प्रेरित गर्ने गरिएको पाइन्छ ।

साभार : कान्तिपुर ।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday